For Nepali By Nepali | नेपालीका लागि नेपाली

NRNA - NCC UK

"पूर्ण अधिकार सहितको नागरिकता, गोर्खाजको सम्मान: ऐक्यबद्ध एनआरएन हाम्रो अभियान"

१२औं राष्ट्रिय महाधिवेशन

२६-२७ जुलाई २०२५ (26-27 July, 2025)

# गैरआवासीय नेपाली संघ यूके (NRNA UK), निर्वाचन समिति, २०२५

## १२औं कार्यसमिति निर्वाचन सम्बन्धी

## अत्यन्त जरुरी सूचना

(कार्यविधि तथा आचार-संहिता सहित)

NRNA
NCC-UK
Non-Resident Nepali Association

Read Online

# गैरआवासीय नेपाली संघ यूके (NRNA UK), निर्वाचन समिति, २०२५

## सदस्यता सम्बन्धी सूचना

गैरआवासीय नेपाली संघ यूकेको आगामी २०२५-२७ कार्यकालको कार्यसमितिको निर्वाचनमा भाग लिन र उम्मेदवार बन्न इच्छुक बेलायतवासी गैरआवासीय नेपालीहरुलाई सदस्यताको लागि आवेदन दिनुहुन यो सूचना जारी गरिएको छ । अनलाइन मार्फत हुने निर्वाचन सम्बन्धी विस्तृत विवरण पछि प्रकाशन गरिने छ ।

**SMART NRNA APP**

सदस्यता आवेदन दिनको लागि आइओएस र एन्ड्रोइड प्रयोगकर्ताहरुले स्मार्ट एनआरएनए (SMART NRNA) यहाँबाट डाउनलोड गर्नुहोस्

GET IT ON Google Play

Available on the App Store




25 JUNE

सदस्यता लिने अन्तिम मिति:
२५ जुन २०२५,
राती ११:५९ बजेसम्म

election.uk@nrna.org
07950435065
07479383866

**रामशरण सिम्खडा**
प्रमुख निर्वाचन आयुक्त (संयोजक)

**मनिश खत्री**
संयोजक, सदस्यता वितरण समिति

# गैरआवासीय नेपाली संघ यूके (NRNA UK),
# निर्वाचन समिति, २०२५

## अत्यन्त जरुरी सूचना

**(निर्वाचन नियमावली तथा आचारसंहित सहित)**

**गैरआवासीय नेपाली संघ (एनआरएनए) यूके राष्ट्रिय समन्वय समिति र इङल्याण्ड, वेल्स, नर्दैन आयरल्याण्ड, स्कटल्याण्ड राज्य समितिको यही २६ जुलाई २०२५ का दिन हुन गइरहेको निर्वाचनमा लागि निर्वाचन समितिबाट जारी सूचना ।**

१ गैरआवासिय नेपाली संघ यूकेको निर्वाचन बारे मिति २१ मे, २०२५ का दिने बसेको समितिको पूर्ण बैठकले SMART NRNA मार्फत सदस्य बनेका तथा गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् मार्फत प्राप्त हुने अनलाईन निर्वाचन प्रणाली (जसमा फेस भेरिफिकेशन अनिवार्य हुनु पर्ने) द्वारा २६ जुलाई २०२५ का दिन निर्वाचन गरिने बेलायतवासी नेपालीहरुलाई यसै सुचनाद्वारा आधिकारिक जानकारी गराईएको छ ।

२ गैरआवासीय नेपाली संघ यूकेको विधान २००५ (संशोधन २०१७) को परिच्छेद ११ को धारा ३२.१-३२.६ को व्यवस्था अनुसार राष्ट्रिय समन्वय समिति तथा चारवटा राज्य समितिको नयाँ कार्य समिति र यूकेबाट अन्तर्राष्ट्रिय समन्वय परिषद्मा प्रतिनिधित्व गर्ने (आइसीसी सदस्य), महाधिवेशन प्रतिनिधि चयन गर्न निर्वाचन समिति जिम्मेवार रहनेछ । निर्वाचन समितिले यूके राष्ट्रिय समन्वय समिति, अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट प्राप्त निर्देशन र निर्वाचन सम्बन्धी सर्वमान्य मान्यता र सिद्धान्तको आधारमा निष्पक्ष, स्वतन्त्र र तटस्थ रही नयाँ कार्यसमिति चयन गराउने कार्य गर्नेछ ।

३ संघको विधानअनुसार कार्यसमिति चयन एवं निर्वाचन सम्पन्न गर्नका लागि नियमावली तयार गर्ने, त्यसलाई परिमार्जन गर्ने र कार्यतालिका बनाउने अधिकार निर्वाचन समितिलाई रहनेछ ।

४ निर्वाचन सम्बन्धी कुनै विषयमा विवाद भएको खण्डमा त्यसको अन्तिम निर्णय गर्ने अधिकार निर्वाचन समितिमा मात्रै निहित हुनेछ । निर्वाचन समिति भित्र पनि एकमत हुन नसकेको खण्डमा निर्वाचन समितिका संयोजकको निर्णय नै अन्तिम हुनेछ ।

५ नयाँ कार्यसमितिमा उम्मेदवार बन्न चाहने व्यक्तिले एकजना प्रस्तावक र एकजना समर्थकको हस्ताक्षर सहितको उम्मेदवारी मनोनयन फाराम भरेर निर्वाचन समितिले तोकेको मिति र समय भित्र दर्ता गर्नुपर्नेछ । उम्मेदवार, प्रस्तावक र समर्थकको नाम अनिवार्य रुपमा मतदाता नामावलीमा हुनु पर्नेछ । उम्मेदवारहरुले निर्वाचन समितिले तोकेको इमेल ठेगानामा उम्मेदवारी दर्ता समेत गर्ने व्यवस्था मिलाइएको छ ।

६ एकै पदको लागि उम्मेदवारको प्रस्तावक/समर्थक बसिसकेको व्यक्ति सोही पदमा अर्का उम्मेदवारको प्रस्तावक वा समर्थक बन्न पाउने छैन । यदि त्यस्तो भेटिएमा दोश्रो उम्मेदवारी स्वतः रद्द हुनेछ ।

७ उम्मेदवारी शुल्क मनोनयनको दिन निर्वाचन समिति समक्ष नगद वा एनआरएनए यूकेले तोकिएको खातामा बुझाएको प्रमाण उम्मेदवारी दरखास्त फारमसहित बुझाउनुपर्नेछ । उम्मेदवारी शुल्क प्राप्त नभएको फाराम दर्ता रद्द हुनेछ, उम्मेदवारी दर्ता भई सकेपछि शुल्क फिर्ता हुने छैन । बैंक दाखिला भएको प्रमाणित भए पश्चात् मात्र उम्मेदवारी कायम रहनेछ ।

८ कुनै समूह वा प्यानल बनाई समूहगत रुपमा मतका लागि आह्वान गर्न वा प्रचार गर्न पाइने छैन । निर्वाचन प्रचारका क्रममा व्यक्तिगत गाली बेइज्जती गर्न पाइने छैन । थप अनुसूची २ मा उल्लेख गरिएको छ ।

९ अन्तर्राष्ट्रिय समन्वय समिति सदस्य पदमा उम्मेदवार हुन चाहने सदस्यहरु राष्ट्रिय समन्वय समितिमा एक कार्यकाल काम गरिसकेको, वा संघको अन्तर्राष्ट्रिय समन्वय समितिमा सदस्य रहेको वा संघको अन्तर्राष्ट्रिय सम्मेलनमा कम्तिमा एक पटक भाग लिएको हुनुपर्नेछ ।

१० राष्ट्रिय समन्वय समिति अध्यक्ष पदमा उम्मेदवार बन्न समितिमा एक कार्यकाल काम गरिसकेको हुनुपर्नेछ । यस्तै, राष्ट्रिय समन्वय समितिको पदाधिकारीमा लगातार दुई कार्यकाल सोही पदमा काम गरिसकेको व्यक्ति सोही पदमा उम्मेदवार दिन पाइने छैन ।

११ राष्ट्रिय समन्वय समितिमा उम्मेदवारी दिएको व्यक्ति राजनीतिक, जातीय र धार्मिक संस्थाको कार्यकारी पदमा नरहेको हुनुपर्नेछ । यदि त्यस्तो संलग्नता रहेको पाइएमा निजको उम्मेदवारी स्वतः खारेज हुनेछ । निर्वाचित भइसकेको अवस्थामा पनि त्यस्तो संलग्नता रहेको प्रमाणित भएमा निजले त्यस्तो संस्थाबाट तत्काल राजीनामा दिनु पर्नेछ, अन्यथा निर्वाचित पदसमेत खारेज गरिनेछ ।

१२ राज्य समितिबाट निर्वाचित हुने उपाध्यक्ष पदमा उम्मेदवार हुन सो राज्यमा कम्तिमा एक वर्ष बसोबास गरेको हुनुपर्नेछ ।

# गैरआवासीय नेपाली संघ यूके (NRNA UK), निर्वाचन समिति, २०२५

## नियमावली तथा सूचना

### १२

#### राष्ट्रिय समन्वय परिषद्को निर्वाचन हुने पदहरु र शुल्क

| पद | संख्या | उम्मेदवारी शुल्क |
|---|---|---|
| अध्यक्ष | १ | १००० पाउण्ड |
| उपाध्यक्ष | २ | ८०० पाउण्ड |
| महिला उपाध्यक्ष | १ | ८०० पाउण्ड |
| उपाध्यक्ष स्कटल्याण्ड | १ | ८०० पाउण्ड |
| उपाध्यक्ष वेल्स | १ | ८०० पाउण्ड |
| उपाध्यक्ष नर्दन आयरल्याण्ड | १ | ८०० पाउण्ड |
| महासचिव | १ | ८०० पाउण्ड |
| सचिव | २ | ६०० पाउण्ड |
| सचिव महिला | १ | ६०० पाउण्ड |
| कोषाध्यक्ष | १ | ६०० पाउण्ड |
| सह-कोषाध्यक्ष | १ | ५०० पाउण्ड |
| महिला संयोजक | १ | ५०० पाउण्ड |
| युवा संयोजक | १ | ५०० पाउण्ड |
| सदस्यहरु | १२ | ३५० पाउण्ड |

### १३

#### इङ्ल्याण्ड, वेल्स, स्कटल्याण्ड, उत्तरी आयरल्याण्ड राज्य समन्वय परिषद्का निर्वाचन हुने पदहरु

| पद | संख्या | उम्मेदवारी शुल्क |
|---|---|---|
| अध्यक्ष | १ | ४५० पाउण्ड |
| उपाध्यक्ष | १ | ३०० पाउण्ड |
| सचिव | १ | २०० पाउण्ड |
| सहसचिव | १ | १५० पाउण्ड |
| कोषाध्यक्ष | १ | २०० पाउण्ड |
| सह-कोषाध्यक्ष | १ | १५० पाउण्ड |
| सदस्यहरु | ४ | १०० पाउण्ड |

### १४

#### अन्तर्राष्ट्रिय समन्वय परिषद्का निर्वाचन हुने पदहरु

| पद | उम्मेदवारी शुल्क |
|---|---|
| सदस्य | १००० पाउण्ड |

### १५

#### अन्तर्राष्ट्रिय समन्वय परिषद्का महाधिवेशन प्रतिनिधिको लागि निर्वाचन

- महाधिवेशन प्रतिनिधि कुल प्रतिनिधिको ९० प्रतिशतले एमआईएस एपमा दर्ता गर्नु पर्ने भने १० प्रतिशतले पछि संघको विधान अनुरुप चयन हुने छन् ।
- ९० प्रतिशत महाधिवेशन प्रतिनिधिहरुको नाम दर्ता ३० जुलाई साँझ ५ बजेभित्र स्मार्ट एनआरएनए एप मार्फत गरिसक्नु पर्नेछ ।

**SMART NRNA APP**

GET IT ON Google Play

Available on the App Store

# गैरआवासीय नेपाली संघ यूके (NRNA UK), निर्वाचन समिति, २०२५

## नियमावली तथा सूचना

NRNA NCC-UK Non-Resident Nepali Association

NRNA - NCC UK १२औं राष्ट्रिय महाधिवेशन १३ जुलाई २०२५ (13 July, 2025)

### १७ निर्वाचन कार्यतालिका

#### JULY

5 पहिलो मतदाता नामावली प्रकाशन, ५ जुलाई २०२५, दिउँसो १ बजे, एनआरएनए यूकेको वेबसाइट

6 मतदाता नामावली माथि दाबी विरोध, ६ जुलाई २०२५, साँझ ७ बजे सम्म election.uk@nrna.org

8 अन्तिम मतदाता नामावली प्रकाशन वेभसाइट, ८ जुलाई २०२५, साँझ ५ बजे सम्म

13 उम्मेदवारी दर्ता, जुलाई १३ तारिख विहान ९ देखि राती ११:५९ बजे सम्म election.uk@nrna.org

14 उम्मेदवारको प्रथम नामावली प्रकाशन, १४ जुलाई २०२५, दिउँसो ३ बजे भित्र, एनआरएनए यूकेको वेभसाइट

15 उम्मेदवारी नामावलीमाथि दाबी विरोध १५ जुलाई, २०२५, साँझ ५ बजे सम्म र फिर्ता १५ जुलाई २०२५, साँझ ७ बजे सम्म, election.uk@nrna.org

16 उम्मेदवारको अन्तिम नामावली प्रकाशन, १६ जुलाई २०२५, साँझ ५ बजे सम्म – एनआरएनए यूकेको वेभसाइट

26 मतदान २६ जुलाई २०२५, विहान ००.०० बजे देखि २६ जुलाई २०२५, साँझ ६ बजे सम्म – अनलाइन मार्फत हुने हुँदा सदस्यता बन्दा प्रयोग भएको फोन नं./इमेलमा सूचना आउनेछ

27 परिणाम घोषणा तथा पदस्थापन कार्यक्रम (प्रमाणपत्र वितरण र शपथ), २७ जुलाई २०२५, साँझ ५ बजे

### JULY 2025

| MON | TUE | WED | THU | FRI | SAT | SUN |
|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 |
| 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| 28 | 29 | 30 | 31 | | | |

**१८** निर्वाचन समितिले निर्धारण गरेका आचार-संहिता र नियमावली उल्लंघन गर्ने उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्नेछ।

**१९** मतदाता नामावली र उम्मेदवारी नामावीमा दाबी विरोध निर्वाचन समितिको इमेल ठेगानामा तोकिएको समय-सीमाभित्र रही प्रमाण पुऱ्याई लिखित रुपमा गर्नुपर्नेछ।

**२०** निर्वाचन सम्बन्धी कुनै पनि विषयमा बुझ्न परेमा संयोजक रामशरण सिम्खडा 07950435065 वा सदस्य सचिव श्याम लुइटेल 07894898930 वा सदस्यहरु विमल गुरुङ +447456181918, विक्रम भट्टराई 07915046203 र राजन खकुराल 07938623803 or election.uk@nrna.org मा सम्पर्क गर्न सकिने छ। निर्वाचन सम्बन्धी थप जानकारी https://nrnauk.co.uk मा प्रकाशन गरिनेछ।

**२१** अनलाइन भोटिङ प्रक्रियाको कार्यविधि पछि प्रकाशित गरिनेछ। साथै आवश्यक परेमा आगामी दिनमा निर्वाचन समितिले थप निर्वाचन सम्बन्धि नियमावली बनाउन सक्नेछ।

**२२** निर्वाचन नियमावली बमोजिम बनेको आचार संहित छुट्टै अनुसूचीमा प्रकाशित गरिनेछ।

**उम्मेदवारी शुल्क बैंक दाखिला गर्ने विवरण:**
Non Resident Nepal
National Westminister Bank Plc
Sort Code: 60-01-08
A/C No.: 4242 1888

गैरआवासीय नेपाल संघ यूके, निर्वाचन समिति

रामशरण सिम्खडा
प्रमुख आयुक्त (संयोजक)

**सदस्य सचिव**
श्याम लुइटेल

**सदस्यहरु**
विमल गुरुङ
विक्रम भट्टराई
राजन खकुराल

# गैरआवासीय नेपाली संघ यूके (NRNA UK), निर्वाचन समिति, २०२५

## अनुसूचिहरु

## अनुसूची १

### निर्वाचन समितिका सदस्यहरुको आचारसंहिता

१ निर्वाचन समितिका सदस्यहरुले मिडिया लगायत कुनैपनि ठाउँमा उम्मेदवारहरुको पक्ष वा विपक्षमा आफना भनाइहरु राख्ने पाइने छैन ।

२ कुनै पनि उम्मेदवारहरुलाई आर्थिक सहयोग गर्न पाइने छैन ।

३ निर्वाचनको दौरानमा उम्मेदवारहरुबाट कुनै प्रकारका उपहार लिन पाइने छैन ।

४ निष्पक्ष, स्वतन्त्र निर्वाचन गर्न बाधा पुग्ने खालको कुनै प्रकारको गतिविधि गर्न पाइने छैन ।

५ निर्वाचन समितिका सदस्यहरुले निर्वाचनको गरिमा बढाउन गोपनियता कायम गर्नु पर्नेछ ।

६ निर्वाचन समितिको आधिकारिक धारणा सदस्य सचिव श्री श्याम लुइटेल मार्फत सार्वजनिक गरिने छ ।

७ निर्वाचन समितिका सल्लाहकार तथा पर्यवेक्षकहरुले पनि माथि उल्लेखित बुँदाहरु अक्षरस: पालना गर्नु पर्नेछ ।

## अनुसूची २

### अध्यक्षको प्रत्यासीका प्रतिनिधीहरुको आचारसंहिता

१ अध्यक्ष पदका उम्मेदवारहरुले निर्वाचन समितिमा आफ्नो एकजना प्रतिनिधि पठाउने छन् । तर कुनै उम्मेदवारले आफ्नो उम्मेदावरी फिर्ता लिएमा निजले पठाएको प्रतिनिधि समेत फिर्ता हुनेछ ।

२ निर्वाचन समितिमा रहेका उममेदवारको प्रतिनिधिहरुको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :

क अध्यक्ष उम्मेदवारको प्रतिनिधिको मुख्य कर्तव्य निर्वाचन समितिलाई स्वतन्त्र, निष्पक्ष र तटस्थ तवरले निर्वाचन सम्पन्न गर्न सकिन्छ ।

ख निर्वाचन समितिले आफ्नो जिम्मेवारी पुरा गर्ने क्रममा अध्यक्ष प्रत्यासीका प्रतिनिधिले कुनै किसिमको अवरोध गर्ने छैनन् ।

ग उम्मेदवारको प्रतिनिधिले निर्वाचन समितिलाई प्राविधिक तथा निर्वाचनमा पारदर्शिता र निष्पक्षताका सम्बन्धमा पर्ने आवश्यक सल्लाह दिनेछन् ।

घ उम्मेदवारको प्रतिनिधिले गोपनियता र आचारसंहिताको पूर्ण पालना गर्नुपर्नेछ ।

ङ उम्मेदवारका प्रतिनिधिले निर्वाचन समितिको तटस्थता र पारदर्शिता माथि प्रश्न उठ्ने गरी कुनै पनि मिडिया वा सामाजिक सञ्जालमा टिप्पणी, प्रति टिप्पणी गर्न पाउने छैनन् । कुनै विषयमा सार्वजनिक वक्तव्य दिनुपर्ने भएमा निर्वाचन समितिका तर्फबाट सदस्य सचिवले वकतव्य जारी गर्नेछ ।

च निर्वाचन समितिले अध्यक्षको प्रत्यासीका प्रतिनिधीको सहयोग आवश्यक नठानेमा उनीहरुलाई कुनै पनि बेला फिता पठाउन सक्ने छ ।

## अनुसूची ३

### उम्मेदवार र मतदाता सम्बन्धी आचारसंहित पछि प्रकाशन गरिने छ ।

# गैरआवासीय नेपाली संघ यूके (NRNA UK), निर्वाचन समिति, २०२५

## निर्वाचन समिति



**रामशरण सिम्खडा**
प्रमुख आयुक्त (संयोजक)
M: 07950435065



**विमल गुरुङ**
सदस्य
M: +447456181918



**श्याम लुइटेल**
सदस्य सचिव
M: 07894898930



**राजन खकुराल**
सदस्य
M: 07938623803



**विक्रम भट्टराई**
सदस्य
M: 07915046203

उम्मेदवारी दर्ता फाराम
डाउनलोडको लागि

उम्मेदवारी दाबी विरोध
फाराम डाउनलोडको लागि

उम्मेदवारी फिर्ता फाराम
डाउनलोडको लागि

# गैरआवासीय नेपाली संघ यूके (NRNA UK),
# निर्वाचन समिति, २०२५

110 Tyrrell Avenue, Welling, DA16 2BU, United Kingdom
election.uk@nrna.org NRNA UK
https://nrnauk.co.uk